नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

मानव अधिकार तथा जनसरोकार समिति

२०८३ भदौ ०३ गते, बुधबार, काठमाडौ ।

# प्रेस विज्ञप्ति

विभिन्न किसिमका समस्याहरु समाधानका लागि शान्तिपूर्ण रुपमा दबाब सिर्जना गर्ने उद्देश्य सहित देशका विभिन्न जिल्लाहरुबाट काठमाडौँसम्म पैदलै आएका लघुवित्त पीडितहरूले आफ्ना माग पूरा गराउन माइतीघर मण्डला तथा पुलचोकमा धर्ना दीइरहेका सम्बन्धमा नेपाल बार एशोसिएशन, मानव अधिकार तथा जन सरोकार समितिको ध्यानाकर्षण भएको छ ।

लामो समय विभिन्न स्थानहरुबाट पैदलै आइ लघुवित्तको ऋण तथा ब्याज मिनाहा हुनुपर्ने र ऋणीमाथि भइरहेको वित्तीय शोषण अन्त्य गर्नुपर्ने लगायतका माग राखी मध्य वर्षामा घाम–पानी समेतको ख्याल नगरी शान्तिपूर्ण रुपमा सञ्चालन भएको अभियानको समस्या बुझी समस्या समाधानका लागि तत्काले चासो दिइ सम्बोधन गरी मानव अधिकारको उच्च सम्मान गर्न आग्रह गर्दछौ ।

अन्यतमा, यस विषयका सम्बन्धमा यस अघी गठन भएका समितिहरुको प्रतिवेदन समेत सार्वजनिक  गरी कार्यान्वन गर्न नेपाल सरकार समक्ष अनुरोध गर्दछौ ।

अधिवक्ता किरण न्यौपाने
सदस्य सचिव

नेपाल बार एशोसिएशन
Nepal Bar Association

Rajendra
अधिवक्ता डा. राजेन्द्र घिमिरे
सह संयोजक